नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२६६ दायर मितिः-२०८१/१०/२५**

**फैसला मितिः-२०८१/११/१५**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **खुश्बु खातुनको जाहेरीले**<br>**नेपाल सरकार..........................१** | **जिल्ला पर्सा सखुवाप्रसौनी गाउँपालिका वडा नं.२ रंगपुर टाँडी टोल बस्ने तपा दास थारुको छोरा वर्ष ६० को ठगा दास थारु.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जैबुदा खातुन समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा जाहेरवाली खुश्बु खातुन र मेरो छोरा अजय दास विगत १५ वर्ष देखि सँगै बस्दै आएको र निजहरुको दामपत्य जिवनबाट एक छोरा रहेको कुरा मैले सुनेको हु । मेरो छोरा अजय दासको करिव २५ बर्ष पहिला रेखा दाससँग विहे भएको थियो र निजहरुको दाम्पत्य जिवनबाट २ जना सन्तान पनि छन । यसरी जाहेरवाली मेरो छोराको दोश्रो श्रीमती भएको दावी लिई मलाई नागरिकता बनाउन सनाखत गरि दिनु भनि भनेकोमा तिमी आफ्नो श्रीमानलाई भन म गर्दिन भनि भनेको हुँदा म माथि झुटो आरोप लगाई अभद्र व्यवहार गरेको भनि मुद्दा दर्ता गराएकी हुन ।मैले निजलाई अभद्र व्यवहार गरेको कुरामा सत्याता छैन भनि यस कार्यालयका प्रतिवादीले ईन्कारी बयान गरेतापनि, मिति २०८१।१०।१३ गते अं.१३:०० बजेको समयमा जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं.०९ स्थित सार्वजनिक बाटोमा प्रतिवादी ठगा दास थारुलाई भेट भई मेरो नेपाली नागरिकताको प्रमाणपत्रको अनुसूची फारममा सिफारिस र सनाखत कार्यमा सहयोग गरी दिन अनुरोध गर्दा निज प्रतिवादी रिस आवेशमा आई मलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालीको नागरिकता बनाउने विषयमा बिवाद भई जाहेरवालाले अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ठगा दास थारुलाई कैद दिन १४, जरिवाना रु.५००/- अक्षरेपी पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ठगा दास थारुलाई ठहरेको कैद दिन १४ को हकमा निज मिति २०८१/१०/१३ देखि २०८१/१०/२६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२१८/२०८१/१०/२८ बाट दाखिला गरेको धरौटी रकम रु.७००/- बाट जरिवाना रकम रु.५००- क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु-------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु---------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........